म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २५६ शनिबार १५ बैशाख २०८१ ने. सं. ११४४ चौलागा 27 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## पाहुना आएका श्रेष्ठको मृत्यु

हेटौंडा, १४ वैशाख/हेटौंडा उपमहानगरपालिका-४ ओमभवनस्थित एक घरमा अचेत अवस्थामा फेला परेका पुरुषको बिहीवार साँझ मृत्यु भएको छ ।

बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार बिहीबार केदार शाहीको घरमा पाहुना लाग्न आएका ललितपुर माहालक्ष्मी नगरपालिका-८ बस्ने ५१ वर्षीय रमेश श्रेष्ठको मृत्यु भएको हो ।

बिहान अबेरसम्म नउठेपछि बोलाउन जाँदा सुतेको कोठामा अचेत अवस्थामा फेला परेका श्रेष्ठलाई उपाचरको लागि हेटौंडा अस्पतालमा पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

# जनप्रतिनिधिको गुनासोः मौजुदा कानुन अव्यवहारिक, काम गर्नै सकिएन

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ स्थानीय तहका जनप्रतिनिधिले आफूखुशी काम गर्न नसकेको भन्दै मौजुदा कानुनलाई दोष दिएर उम्कने प्रयास गरेका छन् ।

हेटौंडामा शुक्रबार आयोजित एक कार्यक्रममा सहभागी जनप्रतिनिधिले कानुनप्रति बढी रोष प्रकट गर्नुको पछाडि नदीजन्यपदार्थ उत्खनन्मा देखिएको समस्या थियो । जिल्ला समन्वय समिति सभापति ललितबहादुर घलान र हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले अव्यवहारिक कानुनकै कारण नदीजन्यपदार्थ उत्खनन्बाट उठ्नुपर्ने राजश्व संकलन हुन नसकेको बताए ।



नदीजन्यपदार्थ उत्खनन् पूर्व गर्नुपर्ने वातावरणीय प्रभाव मूल्यांकनसम्बन्धी संघीय मापदण्ड, उत्खनन् कार्य, जरिवानाको व्यवस्थासम्बन्धी संघीय र प्रदेशको कानुनी व्यवस्थाले सोचेजस्तो काम गर्न नसकिएको उनीहरुको भनाई थियो । स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको लागि कानून निर्माण, मेलमिलाप तथा राजपत्र सम्बन्धी आन्तरिक मामिला तथा कानून मन्त्रालयको आयोजनामा भएको अभिमुखीकरणमा बोल्दै जिसस प्रमुख घलानले समयसापेक्षा कानुन नबनेको गुनासो गरे । पञ्चायतकालीन कानुनबाट काम गर्नुपर्दा समस्या भइरहेको उनको भनाई छ । आवश्यकताअनुसार कानुन निर्माण हुन नसकेको उनले बताए ।

वन ऐन, प्रहरी ऐन जस्ता थुप्रै महत्वपूर्ण कानुन नबनाएर अनावश्यक कानुन निर्माणमा लागि रहेकोमा घलानलाई चित्त बुझेको थिएन । उनले नदीजन्यपदार्थ सम्बन्धी कानुन व्यवहारिक नभएको बताए । स्थानीय तहलाई राजश्व वृद्धि हुने गरी कानुन बन्नुपर्ने उनले बताए । हेटौंडाकी नगरप्रमुख लामाले यो अभिमुखीकरण कानुन निर्माण गर्ने सांसदहरुलाई नै पहिला दिनुपर्ने भन्दै रोष प्रकट गरिन् । अव्यवहारिक कानुनकै कारण काम गर्न नसकिएको दाबी गर्दै लामाले भनिन्, 'यो अवस्थाले मुलुक कहिले बन्छ ?,' 'कर्मचारीहरु स्थानीय तहमा आउन मान्दैनन् । आए कलम चोप्न मान्दैनन्,' उनले भनिन् । कानुनका कारण अर्बौको राजश्व उठाउन नपाएर खेर गइरहेको लामाले बताइन् ।

बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री गंगानारायण श्रेष्ठले संविधानमा भएको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचिमा रहेको कानून निर्माण गर्न नसक्दा समस्या भएको बताएका छन् । उनले तीन तहको साझा अधिकारको सूचिमा रहेको कानून निर्माण गर्न नसक्दा नागरिकले पाउनुपर्ने सेवा, सुविधा पाउन नसकेको बताए । प्रदेश सरकारले एकल अधिकारको सूचिमा रहेको कानून बनाइरहे पनि साझा अधिकारको कानून निर्माण गर्न नसकेको स्पष्ट पारे ।

तीन तहका सरकारले कानून निर्माणलाई तीव्रता दिएको बताउँदै मन्त्री श्रेष्ठले साझा अधिकारको सूचिमा रहेको कानून बनाउँदा सबैको अनुकूल नहुँदा समस्या आउने गरेको स्पष्ट पारेका छन् । उनले स्थानीय तहमा २२ वटा अधिकार सूचिकृत रहेको बताउँदै त्यो अधिकार कार्यान्वयन गर्न कति सक्यौं ? भन्ने प्रतिप्रश्न गरे । प्रदेशको तर्फबाट स्थानीय तहलाई सहयोग र समन्वय गर्न तयार रहेको उनको भनाई छ । कानून निर्माण गर्दा तीन तहका सरकारसँग समन्वय र सहकार्य हुन आवश्यक रहेको बताउँदै स्थानीय तहमा न्यायिक समितिको अवधारणा संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थाले ल्याएको नयाँ अवधारणा भएको श्रेष्ठले बताए ।

कुनै राजनीतिक दलबाट निर्वाचित उपप्रमुख संयोजक रहने न्यायिक समितिबाट निष्पक्ष न्याय सम्पादन नहुनेकी भन्ने प्रश्न नागरिकमा देखापर्ने गरेको उनले बताए । श्रेष्ठले निष्पक्ष, तटस्थता र स्वतन्त्र भएर न्याय सम्पादन गर्नुपर्ने बताएका छन् । यसका लागि अध्ययन गर्नुपर्ने र क्षमता अभिवृद्धिका लागि प्रदेशले कार्यक्रम गरेको विश्वास दिलाए । जनमुखी कानुन भएमा मात्र संघीयता बलियो हुने उनको भनाई छ ।

अभिमुखीकरणमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्का सहसचिव राजेन्द्र थापाले न्यायिक समिति, अधिकार क्षेत्र, अधिकार क्षेत्रको प्रयोग, कानुन निर्माण प्रक्रिया र मेलमिलापमा न्यायिक समितिको भूमिकाको बारेमा जानकारी गराएका छन् । यस्तै उच्चअदालत पाटन, हेटौंडा इजलासकी न्यायधीश यमुना भट्टराईले न्यायिक प्रक्रियाबारे जानकारी गराइन् । मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीको सभाध्यक्षतामा कार्यक्रम भएको थियो ।

# मनहरीका वडाध्यक्ष खनाल कक्षा १२ को परीक्षामा सहभागी

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ 'पढ्नलाई उमेरले छेक्दैन, इच्छाशक्ति चाहिन्छ' भन्ने कुरालाई मकवानपुरका जनप्रतिनिधिले चरितार्थ गरिदिएका छन् । मकवानपुरको मनहरी गाउँपालिका-१ का वडाअध्यक्ष शिवप्रसाद खनाल उमेरले ५० वर्ष पूरा भए । यो उमेरमा जनताको सेवक बन्दै अधुरो शिक्षालाई पूरा गर्न लागेर उदाहरणीय पात्र बनेका छन्, खनाल अहिले ।



उनी वैशाख १४ गते शुक्रबारबाट सुरु भएको कक्षा १२ को परीक्षामा सहभागी भएका छन् । उनले निर्मल बहुमुखी क्याम्पस बस्तीपुरबाट परीक्षा दिइरहेका छन् । उनी विद्यालय पोशाक लगाएर बिहानै परीक्षामा सहभागी हुन परीक्षाकेन्द्र पुगेका थिए । उनले पहिलो दिन अंग्रेजी विषयको परीक्षा दिएका छन् । सुरुको दिन शुक्रवार भएको अग्रेजी परीक्षा अत्यन्तै राम्रो भएको बताउँदै राजनीतिक तथा सामाजिक काम गर्दा शिक्षाको अति नै महत्वपूर्ण भूमिका हुने भन्दै उनले अब पढाइलाई निरन्तरता दिने बताए । उनी मनहरी गाउँपालिकामा रुचाइएका जनप्रतिनिधिमध्ये एक हुन् । उनलाई जनताले दुईपटक वडाअध्यक्षमा निर्वाचित गराएका छन् ।

मनहरी गाउँपालिका-१ का वडाअध्यक्ष एवम् बालजीवनज्योति माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका खनालले शिक्षा अति नै महत्वपूर्ण रहेको र शिक्षाले नै सबै क्षेत्रको ढोका खोल्ने महसुश गरी आफू १२ कक्षाको परीक्षामा सहभागी भएको बताए । २०५६ सालमा एसएलसी परीक्षा उत्तीर्ण गरेका खनालले पढ्ने चाहना र इच्छा हुँदाहुँदै घरको परिस्थितिले गर्दा पढाइलाई निरन्तरता दिन नसकेर बीचमै छाडेका थिए । 'घरमा समस्या थियो, आर्थिक विपन्नताले एसएलसी पछिको शिक्षालाई अगाडि बढाउन सकिन'-उनले भने ।

उनी वडाबाट समय मिल्दा बेलाबेलामा विद्यालय अध्ययन गर्न जाने गरेका थिए । उनले अघिल्लो वर्ष कक्षा ११ को परीक्षा दिएका थिए । कक्षा १२ पछि पनि अध्ययनलाई निरन्तरता दिने उनको योजना छ ।

पढाइ र ज्ञानआर्जनका लागि उमेरले नरोक्ने मान्यता राखेका खनाल शिक्षा र सामाजिक क्षेत्रमा जीवन रहेसम्म सक्रिय हुने बताउँछन् । उनी अध्ययन गरिरहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष पनि हुन । उनले अध्यक्ष भएपछि विद्यालयमा ११ र १२ कक्षा सञ्चालन गरेका थिए । उनी विकास र शिक्षाप्रेमी जनप्रतिनिधिका रुपमा परिचय बनाउन सफल छन् ।

# आज हेटौंडा आउँद पूर्वप्रधानमन्त्री नेपाल

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ नेकपा (एकीकृत समाजवादी) मकवानपुरको वैशाख १५ र १६ मा हुन लागेको जिल्ला अधिवेशनका लागि आवश्यक तयारी पूरा भएको बताइएको छ ।

हेटौंडामा विहान ११ बजेबाट सुरु हुने अधिवेशनको एकीकृत समाजवादीका केन्द्रीय अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले उद्घाटन गर्ने तयारी छ । अधिवेशनले पार्टी मकवानपुरका लागि नयाँ नेतृत्व चयन गर्नेछ । पार्टी मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहालको अध्यक्षतामा बसेको जिल्ला कमिटी बैठकले अधिवेशन सफलतापूवर्क सम्पन्न गर्न विभिन्न उपसमिति गठन गरेको छ । अधिवेशनको आवश्यक तयारीका लागि दाहालको संयोजकत्वमा



जनपरिचालन उपसमिति र प्रतिवेदन तयारी उपसमिति, ध्रुबबहादुर भुजेलको संयोजकत्वमा प्रतिनिधि व्यवस्थापन उपसमिति र आर्थिक उपसमिति, कविन पन्तको संयोजकत्वमा हल तथा मञ्च व्यवस्थापन उपसमिति, किरणमान बलको संयोजकत्वमा स्वयम्सेवक परिचालन उपसमिति गठन गरिएको छ ।

यस्तै, रामकुमार एलनको संयोजकत्वमा प्रचारप्रसार उपसमिति, किशोर टन्डनको संयोजकत्वमा आवास तथा भोजन व्यवस्थापन उपसमिति, लोकनाथ दाहालको संयोजकत्वमा स्वास्थ्य उपसमिति, सानुभाइ विकको संयोजकत्वमा सांस्कृतिक उपसमिति गठन गरिएको छ ।

# मनहरी-२ को भिमानमा मुल सुकेपछि पिउने पानी अभाव



साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ मकवानपुरको मनहरी-२ भिमान र त्यस आसपासका क्षेत्रमा पिउने पानीको अभाव भएको छ । लामो समयसम्म खडेरी परेकोले वडाको भिमान, ट्यांकीदमारलगायत क्षेत्रमा पिउने पानीको अभाव भएको हो ।

खडेरीका कारण अहिले त्यस क्षेत्रका पानीका मुहान सुकेका छन् । स्थानीयले पिउने पानी पाउन मुस्किल भइरहेको छ । स्थानीय चन्द्र स्याङ्तान माधवका अनुसार एक हप्ताअघिदेखि पिउने पानीको अभाव भएपछि त्यस क्षेत्रका बासिन्दालाई ट्यांकरबाट पिउने पानी वितरण गरिएको छ ।

स्याङ्तानका अनुसार वडा नम्बर २ को समन्वयमा हरेक दिन पिउने पानी वितरण भइरहेको छ । पानी परेर अवस्था सामान्य नभएसम्म हरेक दिन पिउने पानी वितरण गर्ने योजना रहेको उनले बताए । ३ हजार १ सय ५८ जना भन्दा बढी जनसंख्या बसोबास गर्ने मनहरीको वडा नम्बर २ मा ५ सय ९१ भन्दा बढी घरधुरी छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३




ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरूः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google विज्ञान/प्रविधि

# एउटा स्मार्टफोनले समाप्त पारेका पाँच ग्याजेट



काठमाडौं/स्मार्टफोन अहिले आम मानिसहरुको जीवनको अहम् हिस्सा बनिसकेको छ । हरेक मानिसको हातमा स्मार्टफोन छ र वास्तवमा स्मार्टफोनको घनत्व मानिसको संख्या भन्दा धेरै भैसकेको छ ।

अहिले खाना बनाउनेदेखि लिएर खाना अर्डर गर्ने सम्मका कामका लागि स्मार्टफोनको उपयोग हुने गरेको छ । स्मार्टफोनको सहयोगमा मानिसहरुले घरमै बसेर विभिन्न काम फत्ते गर्नसक्ने भएका छन् । रकम भुक्तानी देखि मनोरञ्जनका लागि गेमिङसम्म स्मार्टफोनमै उपलब्ध छ ।

हामीले यहीँ एउटा स्मार्टफोनको चक्करमा कतिधेरै अरु ग्याजेटहरु भुलिसकेका छौँ, यसको हेक्का तपाइँलाई तबमात्र हुनेछ जब तपाइँले गहिरो गरी यसबारेमा सोँच्नुहुन्छ। स्मार्टफोनले समाप्त गरिदिएका मुख्य ५ वटा ग्याजेट चाहीँ यस्ता छन्:

**१. डिजिटल क्यामरा :** फोटोग्राफी तथा भिडियो रेकर्डिंगका लागि परम्परागत क्यामराको प्रयोग अहिले निकै घटेको छ । यसको ठाउँ स्मार्टफोनले लिएको छ । स्मार्टफोनले बजारमा आउने बित्तिकै सबैभन्दा पहिले क्यामरामाथि नै आक्रमण गरेको हो र सबैभन्दा धेरै प्रयोग पनि स्मार्टफोनको क्यामरामै भएको छ । कतिपय स्मार्टफोनका क्यामरा त यस्ता पनि छन् कि जसले डिएसएलआर क्यामराको आवश्यकतालाई नै समाप्त पारिदिएका छन् ।

**२. क्याल्कुलेटर:** पहिले पहिले हरेक घरमा क्याल्कुलेटर देखिन्थ्यो, तर अहिले सायदै देखिन्छ। कतै क्लाल्कुलेटर देखिइहालेमा पनि त्यो धुलोले ढाकिएको हुन्छ। किनकि अब परम्परागत क्याल्कुलेटरलाई स्मार्टृफोनले प्रतिस्थापन गरिसकेको छ । स्मार्टफोनको क्याल्कुलेटर एपले भौतिक क्याल्कुलेटर मेसिनको आवश्यकता समाप्त पारिदिएको छ।

**३. एमपीथ्री प्लेयर :** युट्युब, स्पटीफाइ, विंक, जियोसावनको जमानामा एमपीथ्री प्लेयरको अस्तित्वको समाप्त भैसकेको छ । अहिले एमपीथ्रीको ठाउँमा पनि मोबाइल फोनको प्रयोग भैरहेको छ । मोबाइल फोनमा म्युजिक सुन्नुको ठूलो फाइदा यो छ कि प्रयोगकर्ताले उच्च रिजोलुसनको अडियो सुन्न पाउँछन्।

**४. जीपीएस नेभिगेसन:** मोबाइल फोनभन्दा पहिले गाडीहरुमा जिपिएस नेभिगेसनको प्रयोग हुन्थ्यो । तर यसलाई पनि स्मार्टफोनले समाप्त गरिदिएको छ । अहिले तपाइँले धेरै गाडीहरुमा मोबाइल स्ट्याण्ड देख्नुहुन्छ । जसमा स्मार्टफोन राखेर जिपिएसको प्रयोग हुने गरेको छ ।

**५. डिभिडी प्लेयर:** अहिले भिडियो स्ट्रिमिंगको जमानामा भिडियो प्लेयर देखिँदैन । तर एउटा समय यस्तो थियो कि डिभिडी प्लेयर संगीतप्रेमीको अभिन्न हिस्सा थियो ।

डिभिडी प्लेयर पनि आफ्नो जमानाको अन डिमान्ड भिडियो स्ट्रिमिंग प्लाटफर्म थियो, जुन अहिले लोप भैसकेको छ ।

यौन स्वास्थ्य

# कुनै-कुनै महिला यौनसम्पर्कपछि किन रुन्छन् ?



जीवनलाई सबैतिरबाट सफल र सुन्दर बनाउन चाहनुहुन्छ भने तपाईको यौन जीवन पनि सफल हुनैपर्छ । यौन जीवन ठिक नभए विविध किसिमका तनावबाट गुज्रिनुपर्ने हुन्छ । मानव जीवनको एउटा महत्वपूर्ण पाटो नै हो 'यौन जीवन' ।

यौन सम्पर्कले शारीरिक रुपमा फाइदा हुनुका साथै मानसिक खुशि पनि प्राप्त हुन्छ । यौन सम्पर्कले सम्बन्धलाई बलियो मात्र बनाउँदैन, हाम्रो स्वास्थ्यका लागि पनि निकै लाभदायक मानिन्छ । तर तपाईलाई थाहा छ, यौन सम्पर्क पछि महिलाहरु किन निराश हुन्छन् ?

हालैमात्र एउटा अनुसन्धानले यौन सम्पर्क पछि महिलाहरु निराश हुनुका कारण पत्ता लगाएको छ । क्वीन्सलैण्ड यूनिवर्सिटी अफ टेक्नोलोजीले गरेको अनुसन्धान अनुसार यौन सम्पर्कको क्रममा चरमसुख, अत्यधिक आनन्दको अनुभुतिसंगै निराशा पनि एक प्रकारको भावनात्मक अभिव्यक्ति हो ।

सहमतिमा यौन सम्बन्ध राखिसकेपछि पनि धेरै महिलाहरुमा निराशाको भावना जन्मिन्छन् र यो 'मनोवैज्ञानिक समस्या भएको अनुसन्धानकर्ताहरुको भनाई छ । २ सय ३० महिलाहरुमाथि गरिएको अनुसन्धानमा धेरै महिलाहरुले सेक्सपछि तनाव र निराश महसुस गरेका थिए ।

कयौं महिलाहरु यौन सम्पर्कपछि बाथरुममा रुने पनि गरेको अनुसन्धानकर्ताहरुले दावी गरेका छन् । कुनै-कुनै महिलाहरुमा यो समस्या धेरै रहेको र कुनैमा थोरै रहेको प्रतिवेदनमा उल्लेख छ । यस्तो अवस्थामा यौन सम्पर्क पछि आफ्ना साथीलाई निकै ध्यान दिनुपर्ने चिकित्सकहरुले सुझाव दिएका छन् ।

तपाई जति सेक्समा रमाउन खोज्नु हुन्छ त्यति नै सेक्स पछि पनि आफ्ना पार्टनर संग समय विताउन जरुरी छ । यसले मात्र तपाईको जीवन सबैतिरबाट सफल र सुन्दर बन्न सक्छ ।

# हप्तामा कति पटक यौनसम्पर्क राख्नु राम्रो ? थाहा पाउनुहोस्



यौन सम्पर्क गर्नुको एक होइन अनेक फाइदा छन् । शरीरका लागि मात्र नभई स्वास्थ्यका लागि पनि सेक्स निकै लाभदायी मानिन्छ । नियमित सेक्स गरिरहनाले विभिन्न रोगबाट जोगिन मद्दत हुन्छ ।

त्यतिमात्र होइन विभिन्न अध्ययनका अनुसार नियमित यौन सम्पर्क गर्नाले स्तन र प्रोस्टेट क्यान्सरको जोखिमलाई कम गर्छ । साथै यौन सम्पर्कले मुटु बलियो हुने र तनावको खतरालाई पनि कम गर्छ ।

**के यो गलत हो ?**

के यो तथ्यांक गलत हो ? बिलकुलै होइन । सेक्स कति पटक गरिदैछ, यसले त्यो बेला सम्म फरक पर्दैन जब सम्म तपाईं र तपाईंको पार्टनर यसले सन्तुष्ट हुन्छन् । अध्ययनकर्ताका अनुसार हप्तामा एक पटक यौन सम्पर्क गरेर खुशी रहन सकिन्छ ।

**एक्सपेरिमेन्ट गरिरहनु पर्छ ?**

उसो त हफ्तामा कतिपटक यौन सम्पर्क गर्नाले सम्बन्धमा सन्तुष्टि र स्वास्थ्यको दृष्टिकोणले ठीक मानिन्छ भने हफ्तामा एक पटक भन्दा धेरै सेक्स गर्नाले त्यति धेरै खुशी नमिल्न नि सक्छ जति एक पटकको यौन सम्पर्कले दिन्छ । यदि तपाईं धेरैपटक यौन सम्पर्क गर्न चाहनुहुन्छ भने फ्रेशनेसका लागि तरिकामा परिवर्तन ल्याउनुपर्छ र नयाँ एक्सपेरिमेन्टहरु गरिरहनुपर्छ ।

साहित्य

कविता

# प्रेमिका र फूल

✍राजेश सापकोटा

माया गर्नेहरू धेरै छन् फूलका
जवानी फुकाएर अलिकति
हरेक गोधुली साँझमा
पार्कहरूमा हल्लिँदै
पोखिएर रातो घामसँगै
थुप्रैसँग डेटिङ जान सक्छन् -
फूलहरू ।

चराहरूको चिरबिरमा मक्ख पर्दै
सिरसिरे बतासको सुसेली संगीतमा
टाउको हल्लाउँछन्-
फूलहरू ।

मनमोहक ती फूलहरू पनि
क्षणिक हुन्छन्
झर्न सक्छन् ओइलिएर।
त्यसैले त ती कामातुर छन्
मौसमले काउकुती लगाउँदा
तिमीलाई हेरेर पनि अर्कैसँग
जिस्किन सक्छन् -
फूलहरू ।

तिम्रो आँखा छलेर
भँवराहरूसँग
खुलेआम
चुम्बन गर्न सक्छन् -
फूलहरू ।
फूलहरू सबैको लागि
उसैगरी मुस्कुराउँछन् ।

कुनै प्रेमिकाको लागि
प्रेम दिवसको दिनमा
प्रेमीले दिने
रातो गुलाफको अर्थसँग
साटिन सक्छन्-
फूलहरू ।

इमानदार छैनन् -
फूलहरू
प्राय: रातहरूमा,
तिम्रो सम्पर्कबाट बाहिर
अँध्यारोको च्यादर ओढेर
जूनसँग जवानी साट्न
व्यस्त हुन्छन् -
फूलहरू ।

अनिदो रातसँगै,
झिसमिसेमै उठेर
नुहाउँदै,
शीतका थोपाहरूले,
आफूलाई ताजा
बनाउँछन् -
फूलहरू ।

चित्त नबुझेर
त्यतिले,
स्थिर नबसेर
सधैं ,
इतरिँदै हावासँग,
जवानी ढलिसकेपछि पनि
पोइल जान सक्छन्-
फूलहरू ।

# कर्णाली लोकमार्ग

✍विक्रम तिरुवा "सलिन"

कर्णाली नदीको तिरै तिरमा
जनता सधैं पिरै पिरमा
एक मार्गको उदय हुन्छ
जुन मार्गको नाम राखिन्छ
कर्णाली राजमार्ग !

जनताको रगत र पसिना
मिसावट भएर
कर्णालीको मुहार फेर्नको निमित्त
बनेको मार्ग हो ।

विडम्बना !
जुन मार्ग संसारकै भय ,
अर्थात् मृत्युमार्गको नामले भयो उदय ।

आमाले जन्माएको सन्तानलाई
सन्तान भन्न पाउने कि नपाउने ?
हो कर्णाली मार्ग जनताले जन्माएका हुन् ।

कर्णाली लोकमार्गलाई राजमार्ग भनेर
नाम दिनेहरू सिधै जनताको
रगत पसिना लुट्ने सामन्तीहरू हुन् ।

जुन मार्गमा हिँडेर
ज्यान जनता गुमाइरहेछन् बारम्बार
जुन मार्गमा जनता सवार गरिरहेछन्

भन्नुस् ?
जुन मार्गमा राजाले
कहिल्यै सवार गरेनन्
अहँ गर्दै गरेनन् !
त्यो मार्ग कदापि राजमार्ग हुनै सक्दैन ।

त्यो कर्णाली राजमार्ग होइन !
यो त कर्णाली लोकमार्ग हो ।

लघुकथा

# शहर यात्रा

✍अनमोलमणि

उसका रुप कति थिए कसैलाई थाहा थिएन । ऊ आफ्ना केही रुप जङ्गलमै छाडेर 'शहर'यात्रामा निस्क्यो । 'शहर'यात्राको पहिलो दिन ऊ चौबाटोमा पुगेर उभियो । ऊ उभिएको बाहेक अरू बाटाहरू तीनतिर छरिएका थिए । ऊ आएको बाटो पहिल्याउँदै जाने हो भने सो अन्धकार जङ्गल पुगिन्थ्यो, जहाँ कुकुरडाइनाका काँढाहरूले जेलिएको अस्पष्ट बाटो थियो । उसलाई राम्ररी थाहा थियो 'शहर'यात्रा अघि ऊ आएको अनकन्टार जङ्गलको बाटो प्रस्ट थिएन ।

उसले कुनै सुन्दर युवतीको सलक्क पारेर छाडिएको कालो केशजस्तो आफूअघि लमतन्न सुतेको चिल्लो सडक हेर्‍यो । र, केहीबेर गम खायो । उसको दाहिने र देब्रेतिरका बाटाहरू छिमेकी गाउँतिर पुग्दथे । तर ऊ अहिले पनि छिमेकीहरूलाई मन पराउँदैन । र, त्यो बाटो जान चाहँदैन । ऊ केटाकेटी पनि मन पराउँदैन । केटाकेटी नजिक परेको हेर्न चाहँदैन । फूल मन पराउँदैन । सुन्दरता मन पराउँदैन । पुस्तक मन पराउँदैन । कलम मन पराउँदैन । पाठशाला मन पराउँदैन । पढाउने गुरुहरू मन पराउँदैन । अरूको विचार मन पराउँदैन । जङ्गलमा रहँदा उसले छिमेकीहरूलाई खूब गाली गरेको थियो । फूलहरू मिचीमिची सखाप पारेको थियो । केटाकेटीहरूलाई विद्यालयमै गएर यति निर्दयतापूर्वक पीडा दिएर तर्साएको थियो, उसको नाम मात्रैले पनि केटाकेटी तर्सिन्थे ।

'शहर'यात्रा तय गरेको दिन उसले आफ्ना सम्पूर्ण सिद्धान्त, व्यवहार र क्रान्ति त्यही चौबाटोमा छाड्यो र नयाँ रुप धारण गर्‍यो । उसले आफ्नो रुप निकै कोमलजस्तो बनायो । चौबाटो नजिकैको बस्ती छिरेर केटीकेटीलाई माया गर्न खोज्यो, केटाकेटी भागाभाग गरे । छिमेकीहरूलाई नजिकको बनाउन खोज्यो, उनीहरू हिजोकै जस्तो तर्सिए । फूलहरू गोडमेल गर्न थाल्यो, उसको छुवाइले मात्रै पनि फूलहरू विस्तारै मूराउन थाले । पढाउने गुरुहरूसँग केही सिक्न खोजेजस्तो गर्‍यो, गुरुहरूको ज्ञानको हवास विस्तारै हराउँदै गयो ।

'शहरमा उसको 'शहरयात्राको निकै चर्चा भयो । उसका पछिपछि उसका केही साथीहरू पनि 'शहरयात्रामा आए । 'शहरयात्राकै क्रममा कालो शिशाको महँगो गाडीमा चढेर ऊ सिंहदरबार छिर्‍यो । त्रासबीच मान्छेहरूले केही आश पनि गरे । सिंहदरबारमा उसले भन्यो– "अब म फूल मन पराउँछु, केटाकेटी मन पराउँछु । तिनले पढ्ने कलम, पुस्तक र पाठशाला मन पराउँछु । छिमेकी मन पराउँछु । गुरुहरू मन पराउँछु । सुन्दरता मन पराउँछु । म बन्दूकदेखि डराउन थालेको छु । बारुदको आवाजले स्किन थालेको छु । शक्ति मान्छेमा रहेछ । म अहिले मान्छेहरू मन पराउन थालेको छु ।"

उसले यो घोषणा गरिरहँदा जङ्गलमै छोडिएको उसको बाँकी रुप र त्यही रुपको र खबारीमा रहेका उसका साथीहरू चाहिँ बन्दूकको नाल जङ्गलका पोथ्राइला रूखको कापमा घुसारेर उसले यात्रा गरेको 'शहरतिर चियाइरहेका थिए । 'शहरयात्रामा रहेको उसको रुप चाहिँ दोधारमा अलमलिइरहेको थियो–'म यही महँगो गाडी चढेर सबै साथी र विगत छाडेर शहर बसूँ कि जङ्गलकै रुपलाई सक्रिय बनाऊँ ?'

ऊ अहिले पनि 'शहरमा त्यही दोधारमा हिँडिरहेको छ ।

लघुकथा

# नयाँ सुट

✍कृष्ण बजगाईं

पियनले नयाँ टाई लगाएर आएपछि कार्यालयमा तुरुन्तै खासखुस सुरु भईहाल्यो- "पियनले टाई त्यो पनि नयाँ !" त्यो कुरो सेलाउन नपाउँदै खरदारले पियनको टाईसँग मिल्ने नयाँ सर्ट लगाएको देख्दा कुरो उनी तिर बढ्यो । लौ, गर्मीमा स्टोरकिपरलाई नयाँ कोटमा देख्दा बाँकी कर्मचारीहरु आश्चर्यचकित भए । झन् कोटसँग ठ्याक्कै मिल्ने कपडाको पेण्टमा लेखापाललाई देख्दा कुराले अर्कै मोड लियो ।

यो कुरो अब कर्मचारीहरुमा मात्र सिमित रहेन । चचाचुमा (चम्चागिरी चाकडी र चुक्ली) चालू एक कर्मचारीले पियनको टाईदेखि लेखापालको नयाँ पेण्टसम्मको कुरा फुलबुट्टा भरेर हाकिमलाई बेलीबिस्तार लगाए । यस्तो कुरा थाहा पाउदा हाकिमलाई उठ्नसम्मको रिस उठ्यो । हाकिमले ती कर्मचारीहरुलाई एकैपटक आफ्नो कार्यकक्षमा बोलाए ।

लहरै लाम लागेर उभिएका ती कर्मचारीहरुको पहिरनमा हाकिमले एक नजर लगाए । आृनो नापको कपडा ती कर्मचारीहरुलाई कति पनि नसुहाए जस्तो लाग्यो हाकिमलाई । आफ्नो छवि यसरी ती कर्मचारीहरुमा सर्लक्क बाँडिएको देखेर उनी छक्क परे । आफूलाई आउने उपहार कोशेली तथा नगद बाँडिदै आउँदा यति धेरै चुहावट हुँदो रहेछ भन्ने कुरा थाहा पाउँदा हाकिम बडो दु:खी भए ।

चित्रकला



दिपशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

संरक्षण कूटनीति :

# १२ देशलाई वन्यजन्तु उपहार : दिन सजिलो, लिन गाह्रो

काठमाडौं/सरकारले चितवन राष्ट्रिय निकुञ्जका रुद्रकली र खगेन्द्रप्रसाद नामका दुई हात्ती कतार सरकारलाई दिन अन्तिम गृहकार्य गरिररहेको छ । कतारी अमिर तमिम बिन हमाल अल थानीले यसैसाता नेपाल भ्रमण गरेकै समयमा सो हात्ती हन्तान्तरणको सम्झौता हुने भनिएपनि कतार सरकारले प्रक्रियाहरु पूरा नगर्दा हुन सकेन ।



## विदेशीलाई वन्यजन्तु उपहार

| देश | वन्यजन्तु | संख्या | वर्ष (सन) |
|---|---|---|---|
| कतार | हात्ती | २* | २०२४ |
| चीन | एकसिंगे गैंडा | ४+२* | २०१८ |
| अमेरिका | एकसिंगे गैंडा | ६ | १९८७, १९९० |
| भारत | एकसिंगे गैंडा | ४ | १९८५ |
| जर्मनी | एकसिंगे गैंडा | २ | १९९०, १९९३ |
| बंगलादेश | एकसिंगे गैंडा | २ | १९९३ |
| बेलायत | एकसिंगे गैंडा | २ | १९९८ |
| जापान | एकसिंगे गैंडा | २ | २००२ |
| अष्ट्रिया | एकसिंगे गैंडा | २ | २००६ |
| जर्मनी | घडियाल गोही | २ | १९९० |
| फ्रान्स | घडीयाल गोही | ६ | २००० |
| भुटान | घडीयाल गोही | २ | २००४ |
| जापान | ब्वाँसो | १ | १९९२ |
| साउदी अरब | चितुवा | २ | १९९८ |
| जापान | घडीयाल मगर गोहीका अण्डा | ६०/६० | १९९४, १९९५ |

* हस्तान्तरण हुन बाँकी



तर, यी हात्ती दुर्लभ वन्यजन्यु तथा वनस्पतिको व्यापार महासन्धि (साइटिस) अनुसार ओसार पसारका लागि सम्झौता र साइटिस अनुमतिको प्रक्रिया पूरा गरेर कतारमा पठाउने तय भइसकेको वन तथा वातावरण मन्त्रालयका प्रवक्ता बद्रीराज ढुंगानाले जानकारी दिए ।

तर, यसरी कतारलाई एक जोडी भोले र पोथी हात्ती उपहार दिन खोज्दा कतिपयले नेपालले संरक्षण गरेका वन्यजन्तु किन अन्य देशलाई उपहारका रुपमा दिइन्छ भन्ने प्रश्न उठाएका छन् । कतारी राजा नेपाल आउँदा महत्वपूर्ण मानिएको सन् २०५५मा भएको श्रम सम्झौता पुनरावलोकनको समझदारी समेत समेत हुन सकेन । त्यसैले नेपालले कूटनीतिक सम्बन्धलाई बलियो बनाउने यसरी संरक्षित वन्यजन्तु दिने तर केही पनि हात नलाग्ने अवस्थालाई भने जनस्तरमै रुचाइएको छैन ।

तर, सरकारी अधिकारीहरु यसरी वन्यजन्तु उपहारमा दिनुलाई 'संरक्षण कूटनीति' भन्छन् र यसले दीर्घकालीन रुपमा दुई देशको सम्बन्धलाई सुमधर राख्न सघाउने विश्वास व्यक्त गर्छन् । 'परस्थानीय संरक्षणका लागि यस्तो वन्यजन्तु तथा वनस्थपतिहरु अन्य देशलाई दिएर त्यहाँ संरक्षणको काम गर्न सकिन्छ, देशहरुबीचको आपसी सम्बन्ध विस्तार गर्न र सम्बन्धित देशलाई अध्ययन अनुसन्धान सघाउन पनि यस्तो अभ्यास पहिलेदेखि नै यस्तो परम्परा छ,' उनले भने, 'दीर्ककालसम्म दुई देशबीचको सम्बन्ध राम्रो बनाइराख्न यसले सघाउँछ ।' ढुंगानाका अनुसार नेपालले पहिलोपटक कुनै हात्ती अन्य देशलाई उपहार स्वरुप दिन लागेको हो ।

यसपछि नेपालले चीनलाई एक जोडी गैंडा पनि दिने छ । तर, अहिलेसम्म चीन सरकार बाट गैंडा लैजाने गरी पत्राचार भएर प्रक्रिया थालनी नभइसकेको ढुंगानाले बताए ।

अधिकारीहरु यसरी वन्यजन्तु उपहार दिनुलाई 'ट्र्याक टु डिप्लोमेसी' पनि भन्छन् । यसले मुलुकबीच सम्बन्ध सुमधुर राखिराख्न र कुनै विषयमा 'गिभ एन्ड टेक'को वातावरण बनाउन सघाउ पुऱ्याउने उनीहरुको दाबी छ । 'तर नेपालले यस्तो कूटनीति प्रयोग गरेर कुनै महत्वपूर्ण उपलब्धि हात पारेको जानकारी हामीसँग छैन,' वन्यजन्तु संरक्षण विभागका एक अधिकारी भन्छन्, 'हामीले केही कुराको आशामा दिने पनि हैन, सो देशलाई खुसी पार्दा राम्रो हुन्छ भन्ने मात्रै हो ।'

वन मन्त्रालयका प्रवक्ता ढुंगाना जावालाखेलस्थित चिडियाखाना रहेका केही जनावरहरु विदेशबाट नै नेपाललाई उपहारमा आएको बताउँछन् । नेपालले यसअघि थाइल्यान्डबाट जलगैंडा, मलेसियाबाट नेपालीमा सियामाङ (वनमान्छे), अस्ट्रियाबाट अस्ट्रिच, चीनबाट गोही, भारतबाट सिंहपुच्छे बाँदर उपहार नै पाएको थियो । यसअघि विदेशबाट नै उपहारमा पाएका जेब्रा र सिंह समेत दर चिडियाखनामा थिए । वन्यजन्तुको परस्थानीय संरक्षणमा नेपाल आफैंले सफल उदहारण पेश गर्न भने सकेको छैन ।

वन मन्त्रालयका अधिकाकारीहरु दुई देशबीचको सद्भावनाको प्रतीकका रुपमा यस्तो वन्यजन्तु उपहार दिने व्यवस्था कानुनमा नै छ । २०७३ अघिसम्म विदेशी मुलुकलाई वन्यजन्तु उपहारमा दिन सकिने कानुनी व्यवस्था थिएन । मन्त्रिपरिणदबाट निर्णय गरेर वन्यजन्तु पठाउने अभ्यास थियो ।

नेपाल पक्ष राष्ट्र रहेको वनस्पति तथा वन्यजन्तु ओसारपसार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (साइटिस) अनुसार संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन २०७३ जारी भएपछि भने उपहारमा वन्यजन्तु दिने प्रक्रिया वैधानिक बन्न पुगेको हो ।

सो ऐनले संकटापन्न वन्यजन्तु वा वनस्पतिको संरक्षणमा नेपाल सरकारको प्रयासलाई सहयोग पुऱ्याउने वा सो प्रयोजनको लागि अध्ययन वा अनुसन्धानलाई उपलब्धिमूलक बनाउन प्राविधिक सहयोग पुऱ्याउने कुनै मुलुकको अनुरोधमा अध्ययन, संरक्षण शिक्षा वा अनुसन्धानको प्रयोजनका लागि एक आर्थिक वर्षमा एक जोडीसम्म कुनै प्रजातिको संकटापन्न वन्यजन्तु दिन सकिने व्यवस्था गरेको छ । नेपाली जनता र नेपाल सरकारको सदभावनाको प्रतीकको रुपमा उपहार स्वरुप त्यस्तो मुलुकलाई उपलब्ध गराउन सक्ने ऐनमा उल्लेख छ ।

यसरी दिएको वन्यजन्तु वा वनस्पति व्यापारिक प्रयोजनका लागि प्रयोग नगरिने आश्वासन सम्बन्धित मुलुकबाट लिनुपर्ने व्यवस्था पनि ऐनमा छ । उपहार दिएको वन्यजन्तुको वार्षिक विवरण वन तथा भू-संरक्षण मन्त्रालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र संघीय संसदको सम्बन्धित समिति समक्ष पेश गर्ने व्यवस्था समेत छ ।

**राजाकालीन अभ्यास**

राजतन्त्रकालीन समयमा भने तत्कालीन राजा र राजपरिवारका सदस्यले तथ्यांक नराखी वन्यजन्तु उपहारमा दिएका राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अधिकारीहरु बताउँछन् ।

त्यतिबेला विभिन्न मुलुकसँग मित्रता बढाउने नाममा वन्यजन्तुहरु उपहार दिने प्रचलन थियो । राजतन्त्रकालमा अन्तिमपटक सन् २००६ मा तत्कालीन युवराज पारस शाहले अष्ट्रियालाई २ जोडी गैंडा दिएका थिए ।

तत्कालीन महेन्द्र प्रकृति संरक्षण कोष (हालको राष्ट्रिय प्रकृति संरक्षण कोष) को अध्यक्ष अधिराज कुमार रहने भएकाले सोही कोषमार्फत तारतम्य मिलाएर गैंडा र अन्य वन्यजन्तु उपहार दिने गरिन्थ्यो । मध्यपूर्वका विभिन्न देशसहित पाकिस्तान, बर्मा, थाइल्यान्ड जस्ता देशलाई वन्यजन्तु दिएकोबारे चर्चा हुने गरेपनि कतिपयको आधिकारिक जानकारी सरकारी निकायमा नै नरहेको विभागका अधिकारीहरुको दाबी छ ।

वन्यजन्तु दिएर विदेशीसँग सम्बन्ध जोड्ने र प्रगाढ बनाउने राजतन्त्रकालीन 'संरक्षण कूटनीति'लाई गणतन्त्रकालीन राजनीतिक नेतृत्वले पनि निरन्तरता दिँदै आएका छन् ।

२०६२/६३ को जनआन्दोलनपछि केही समय हटेको थियो । २०७३ मा कानुनमै व्यवस्था गरिएपछि फेरि नेपालले परस्थानीय संरक्षणका लागि भन्दै विदेशीलाई खुसी पार्नकै लागि देशभित्र संरक्षण गरिएका वन्यजन्तु उपहारमा दिइरहेको छ ।

२०७३ मा केपी शर्मा ओली प्रधानमन्त्री र अग्नि सापकोटा वन मन्त्री भएका बेला पुन: वन्यजन्तु उपहारमा दिने परम्परा सुरु भएको थियो । त्यतिबेला मन्त्रिपरिषदले चीनलाई २ जोडी गैंडा उपहार दिने निर्णय गरेको थियो । त्यसबापत भक्तपुरको सूर्यविनायकमा प्रस्ताव गरिएको २४५ हेक्टरको प्राकृतिक प्राणी उद्यानमा चीनले सघाउने दाबी गरिएको थियो । तर, बजेट अभावले प्रस्तावित परियोजना अलपत्र परेकै अवस्थामा चीनलाई थप गैंडा दिने तय भइसकेको छ ।

नेपालबाट पहिलो पटक २८ असार २०७५ मा 'भद्र' र 'रुपसी' नामका गैंडा चीन पठाइएको थियो । दोस्रोपटक ३१ साउन २०७५ मा 'सोल्टी' र 'मितिनी'को जोडी गैंडा चीन पठाइएको थियो । रुपसी र भद्रलाई चीनको चिमेलङ सफारी पार्कका लागि पठाइएको थियो भने सोल्टी र मितिनीलाई सांघाइ वाइल्ड एनिमल पार्कमा लगिएको थियो । तर, चीनमा पठाएका चारमध्ये एउटा गैंडा मरेको थियो । भालेपोथी मिलाएर दिइएको जोडी गैंडामा एउटा मरेको थियो ।

गत असोज २०८०मा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उपहारस्वरुप चीन भ्रमणका बेला फेरि एक जोडी एक सिंगे गैंडा दिने प्रतिवद्धता जनाएका थिए । नेपाल र चीनको संयुक्त वक्तव्यको ११औं बुँदामा नेपाल सरकार र जनताको तर्फबाट उपहारस्वरुप चीनको सरकार र जनतालाई दीर्घकालीन मित्रताको प्रतीकका रूपमा एक जोडी एक सिंगे गैंडा उपहार दिने उल्लेख भएको थियो । यसअघि नेपालले ४ वटा गैंडा चीनलाई उपहार दिइसकेको छ ।

विभिन्न देशलाई नेपालले उपहारमा दिएको गैंडाको संख्या हालसम्म २६ पुगिसकेको छ । यो संख्या सरकारसँग रहेको आधिकारिक तथ्यांकमा आधारित हो ।

वन्यजन्तु संरक्षण विभागका अधिकारीका अनुसार तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीको कतार भ्रमण क्रममा २०७५ सालमै नेपालले कतारलाई हात्ती उपहार दिने प्रतिबद्धता जनाएको थियो । त्यसैअनुसार प्रक्रिया पूरा गरेर अहिले कतारमा हात्ती पठाउन लागिएको हो ।

सरकारी तथ्यांकअनुसार नेपालले विभिन्न ११ वटा देशलाई वन्यजन्तु उपहारमा दिएको छ । हात्ती पाएपछि कतार यस्तो उपहार पाउने १२औं मुलुक हुनेछ ।

नेपालले सबैभन्दा पहिला सन् १९८५ मा भारतको दुदुवा नेसनल पार्कलाई चारवटा गैंडा उपहार दिएको थियो । नेपालले अमेरिकालाई सबैभन्दा बढी ६ वटा गैंडा दिइसकेको छ । अब चीन पनि ६ वटा गैंडा उपहार पाउने मुलुकको सूचीमा सामेल हुँदैछ।

सन् १९८७ मा नेपालले अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनलाई एक जोडी गैंडा उपहार पठाएको थियो । सरकारले अमेरिकाकै 'नेशनल जुलोजिकल पार्क'का लागि अर्को एक जोडी गैंडा उपहार पठाएको थियो । सन् १९९० मा अमेरिकाकै 'फर्टवर्ट जुलोजिकल एसोसिएसन'लाई एक जोडी गैंडा पठाएको थियो ।

नेपालले सन् १९९० मा जर्मनीको म्युनिख चिडियाखानाका लागि एउटा गैंडा र सन् १९९३ मा विल्हेमा चिडियाखाना स्टुटहार्टलाई अर्को एउटा गैंडा दिएको थियो ।

सन् १९९० मै सिंगापुरको 'सिंगापुर जुलोजिकल एसोसिएसन' लाई एक जोडी गैंडा उपहार दिएको तथ्यांक छ । सन् १९९८ मा बेलायतको 'जुलोजिकल सोसाइटी अफ लन्डन'लाई पनि एक जोडी गैंडा उपहार दिएको थियो ।

बंगलादेशको 'मिरपुर नेसनल जु'ले पनि नेपालबाट सन् १९९३ मा एक जोडी गैंडा उपहार पाएको थियो । सन् २००२ मा जापानको 'टामा जुलोजिकल पार्क'लाई एक जोडी गैंडा दिइएको थियो भने नेपालले २००६ मा अष्ट्रियाको 'भाइन्ना जु'लाई अर्को एक जोडी गैंडा उपहार पठाएको थियो ।

सरकारले विभिन्न देशलाई घडियाल गोही, त्यसका अण्डा, चितुवा र ब्वाँसोसमेत उपहार पठाएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको तथ्यांक छ ।

सन् १९९२ मा नेपालले जापानको 'ओशाका जु'लाई एउटा जीवित हिमाली ब्वाँसो उपहार दिएको थियो । त्यस्तै सन् १९९८ मार्चमा साउदी अरेबियाको 'रियाद जुलोजिकल गार्डेन'लाई दुईवटा चितुवा उपहार दिएको थियो ।

जर्मनीको 'म्युनिख जु'लाई सन् १९९० अप्रिलमा दुईवटा घडियाल गोही दिइएको थियो भने जापानको 'ओशाका जु'ले १९८७ मा एउटा घडियाल गोही उपहारमा पाएको थियो । सन् २००० मा फ्रान्सलाई नेपालले चारवटा पोथी र एउटा भाले घडियाल गाडी उपहार पठाएको थियो । सन् २००४ अप्रिल २३ मा नेपालले भुटान सरकारलाई दुईवटा घडियाल गोही उपहार दिएको थियो ।

सन् १९९४ मा जापानलाई घडियाल गोहीका ३० वटा अण्डा र ३० वटा मगर गोहीका अण्डाहरु उपहार पठाएको वन्यजन्तु विभागले जनाएको छ । सन् १९९५ मा जापानले फेरि ३०/३० वटा घडियाल र मगर गोहीका अण्डा लगेको थियो ।

सन् २००२ सम्म नेपालले विभिन्न देशलाई वन्यजन्तुको आखेटोपहार समेत उपहारमा दिने गरेको थियो । नेपालले साउदी अरेबियाको तत्कालीन राजकुमारहरुका लागि गउर, पाटेबाघ, जरायो, काठे भालु, खर मजुरको आखेटोपहार उपहारमा पठाएको थियो ।

जापानलाई घडियाल गोही र भारतलाई चितुवाको आखेटोपहार समेत उपहार स्वरुप दिएको विभागको तथ्यांकमा देखिन्छ । तर, अहिले अन्तर्राष्ट्रिय रुपमा नै आखेटोपहारको प्रयोग र ओसारपसार लाई प्रतिबन्धित गरिएको छ ।

**नेपाललाई लिन गाह्रो**

वन मन्त्रालयका प्रवक्ता बद्रीराज ढुंगाना सरकारको निर्णयअनुसार नै विदेशी मुलुकलाई वन्यजन्तु उपहार दिने गरिएको बताउँछन् । 'सम्बन्धित देशको प्रस्तावित ठाउँ वन्यजन्तु राख्न प्राविधिक रुपमा योग्य छ कि छैन भन्ने हेर्न एक प्राविधिक समितिले नै हेर्छ, सोही आधारमा उपयुक्त ठाउँ रहेको ठहर भएपछि वन्यजन्तु उपहारमा दिने हो', उनी भन्छन्, 'उपहारमा दिँदा वन्यजन्तुले बच्चा जन्माएमा त्यसले संरक्षणमा पनि सहयोग पुग्छ ।'

द्विपक्षीय सम्बन्धमा वन्यजन्तुको उपहार लिने दिने सामान्य घटना भएपनि नेपालले भने विदेशबाट एकाधबाहेक वन्यजन्तु उपहारमा पाएको छैन । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अधिकारीहरुका अनुसार हाल जाउलाखेलमा रहेको सदर चिडियाखना साँघुरो भएकाले विदेशबाट वन्यजन्तु ल्याएर राख्न सकिने अवस्था नै छैन । तर, नेपालले इन्डोनेसियासँग चित्तल साटफेर गर्न खोजिरहेको छ ।

विदेशबाट वन्यजन्तु उपहारमा लिन ठूलो र खुला प्राणी उद्यान स्थापना नै पहिलो शर्त भएको राष्ट्रिय प्रकृति संरक्षण कोषका अधिकारीहरु बताउँछन् । 'हामीले पनि वन्यजन्तु उपहारमा माग्न नसक्ने होइनौं', राष्ट्रिय प्रकृति संरक्षण कोषका एक अधिकारी भन्छन्,'कसैले आफैं दिन्छु भने पनि ल्याएर राख्ने ठाउँ हामीसँग छैन, त्यसरी वन्यजन्तु ल्याएर संरक्षण गर्न हामीसँग स्रोतसाधनको पनि कमी छ ।'

उपहारस्वरूप दिइने यस्ता वन्यजन्तुहरुलाई सुरक्षा प्रबन्धसहित प्राकृतिक चिडियाखानामा व्यवस्थापन गर्ने अन्तर्राष्ट्रिय अभ्यास छ । चिडियाखानाहरुलाई शैक्षिक तथा अध्ययन अनुसन्धानको केन्द्र मानिने भएकाले त्यसको व्यवस्थापन पनि वैज्ञानिक विधिबाटै गर्नुपर्ने हुन्छ । तर, ठूलो र व्यवस्थित प्राणी उद्यान नभएकाले विदेशबाट वन्यजन्तु ल्याउन नेपालले चासो नै दिन सकेको छैन ।

आवश्यकताका हिसाबले शहरको मध्यभागको साँघुरो क्षेत्रमा रहेको यो चिडियाखानामा थप वन्यजन्तु ल्याएर राख्न सकिने अवस्था नरहेको संरक्षण अधिकारीहरु बताउँछन् । त्यसैले शहरबाहिर प्राकृतिक वासस्थलमै चिडियाखाना व्यवस्थापन गरेर नेपालले पनि विदेशबाट वन्यजन्तु ल्याउन पहल गर्न सकिने अधिकारीहरु बताउँछन् ।

संरक्षणविद् उदयराज शर्मा वन्यजन्तु उपहारमा लिंदा दिँदा मूल्य वा अन्य कुनै नाफाको विषय हेर्नु साइटिस विपरीत हुने बताउँछन् । 'विक्रीको उद्देश्य नराखिएले मूल्यको कुरै भएन, चिडियाखानामा प्रजजन, वंश विस्तार, कूटनीतिक सम्बन्ध विस्तारको उद्देश्यले यस्तो उपहार दिने प्रचलन छ,' शर्माले भने,'यसको पैसाको हिसाव किताव नराखी दिँदा आपत्ति हुँदैन ।'

विगतमा गैंडा दिँदा परोक्ष लाभ लिएको विषय उठेको भन्दै उनले यस्तो नहुने सुनिश्चित गरेर परस्थानीय संरक्षणका लागि दिँदा ठीक हुने बताए । विदेशबाट नेपालमा वन्यजन्तु ल्याएर संरक्षण गगर्ने विषय नेपालको प्राथमिकतामा नहुने भन्दै उनले नेपालकै वन्यजन्तुहरुको संरक्षणको मुद्दा नै प्रधान भएको बताए । 'म विदेशबाट यहाँ वन्यजन्तु ल्याएर संरक्षण गर्नुपर्छ भन्ने मान्यता राख्दिनँ,' उनले भने,'हाम्रै वन्यजन्तुहरुको उचित संरक्षण नै हाम्रो प्राथमिकता हुनुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# 'बोक्सीको घर'को सानदार सुरुवात, शोजमा भारी वृद्धि



काठमाडौं/नेपालमा सिक्वेल/सिरिज वा ठूलो स्टारकास्ट भएका फिल्मको मात्र उत्साहजनक ओपनिङ हुन्छ भन्ने भाष्य बनेको छ । यो प्रमाणित कुरा पनि हो । तर, शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म 'बोक्सीको घर'मा यी कुनै तत्व छैन । यसका बावजूद पनि फिल्मले घरेलु बक्स अफिसमा सानदार सुरुवात गरेको छ । शुक्रबार फिल्मले ठूलो दर्शकलाई हलसम्म तान्यो । धेरै शोज हाउसफुल समेत भए ।

फिल्मले पहिलो दिन देशभर झन्डै दुई सय शोज पाएको थियो । प्राय:मा दर्शक अकुपेन्सी उच्च रह्यो । बिहानी शोजमा ४० प्रतिशत हाराहारी अकुपेन्सी रहेकोमा दिउँसो र रात्रिकालिन शोजमा ७० देखि ७५ प्रतिशतसम्म पुग्यो । यो फिल्मको अगाडि शुक्रबारबाट प्रदर्शनमा आएको बलिउड फिल्म 'रुस्लान' समेत छायाँमा परेको छ । विशेषगरी फिल्मले महिला दर्शकलाई हलसम्म तानेको छ ।

'बोक्सीको घर'ले सानदार सुरुवात गर्नुमा 'बुझिनँ मैले' गीतको ठूलो प्रभाव देखिन्छ । किनकि, यो गीत अहिले सर्वाधिक चर्चित छ । युट्युबमा मात्र ९२ लाख बढी भ्यूज पाइसकेको छ । शुक्रबार हल पुग्ने धेरैजसो दर्शकलाई गीतले नै तानेको थियो । फिल्मको टिम शुक्रबार प्रतिक्रिया बुझ्न सुन्धारास्थित सिभिल हल पुग्दा दर्शकहरु गीतमा छमछम नाचेका थिए । यसले पनि गीतको प्रभाव बोल्छ ।

शुक्रबारको अकुपेन्सीलाई मध्यनजर गर्दै ठूला मल्टीप्लेक्सहरुले फिल्मको शोजमा भारी वृद्धि गरेका छन् । देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले शुक्रबार आफ्नो देशभरको ९ वटा स्टेशनमा ५६ शोज दिएकोमा शनिबारका लागि २४ शोज बढाएर ८० शोज पुऱ्याएको छ । अन्य मल्टिप्लेक्समा पनि शोजमा वृद्धि देखिन्छ । यसरी हेर्दा शनिबार फिल्मको व्यापार थप आक्रामक हुनसक्छ ।

शुक्रबार दिनभर फिल्मकी अभिनेत्री तथा निर्मात्री केकी अधिकारी दर्शक प्रतिक्रिया बुझ्न काठमाडौंका विभिन्न हलमा पुगेकी थिइन् । फिल्मले दर्शकको उत्साहजनक साथ पाउँदा उनको अनुहारमा खुसीको भाव देखिन्थ्यो । तर, रिलिजअघि गाह्रो कथा उठाएकाले के होला भन्ने डरले सताएको उनले अनुभव सुनाइन् । अहिले दर्शकले राम्रो भनिदिँदा मिहिनेत सफल भएको उनको भनाई थियो ।

रंगकर्मी सुलक्षण भारतीको लेखन तथा निर्देशन रहेको फिल्ममा केकीसहित सुपला सापकोटा (बाल कलाकार), श्वेच्छा राउत, रमा थपलिया, सुष्मा निरौला, सुलक्षण भारती, सबिन बास्तोला आदिको अभिनय छ । दर्शकले सुपलाको अभिनय विशेष रुचाएका छन् । केकी अधिकारी फिल्मस्को प्रस्तुतिमा बनेको यो फिल्मको निर्मातामा बद्री अधिकारी तथा कार्यकारी निर्मातामा राज घिमिरे छन् ।

# असार १४ मा 'आँखा', फर्स्टलुकमा निशादेखि बुद्धिसम्म





काठमाडौं/'१२ सत्ताइस' फेम्ड निर्देशक जौन योञ्जनको दोस्रो निर्देशकीय फिल्म 'आँखा'को आगामी असार १४ गतेलाई प्रदर्शन मिति घोषणा गर्दै फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । दुई पोस्टर मध्ये एउटामा फोहोरको डंगुरमा सूर्यमुखी फूल फक्रिएको देखिन्छ भने अर्को पोस्टरमा आँखाको आकृतिभित्र फिल्मका कलाकारहरु क्यारेक्टर लुक्समा प्रस्तुत छन् । कोही गम्भीर त कोही हर्षित भावमा देखिन्छन् ।

आधुनिक समाजमा तल्लो वर्गले बाँच्नका लागि गर्ने संघर्षमा फिल्म बनेको निर्देशक योञ्जनले बताए । उनी भन्छन्, 'मानवता, सामाजिक दबाब, नैतिक र गरिबी जस्ता विभिन्न जटिल विषयवस्तुहरु अन्वेषण हुन जरुरी छन् । यो फिल्म आधुनिक समाजमा तल्लो वर्गको संघर्ष र बाँच्नका लागि मानिसहरू समयको कति लामो गहिराईसम्म जान्छन् भन्ने दृष्टिकोण हो । दु:ख र एक्लोपनभित्रको रमाइलो कथा 'आँखा' हो ।'

निर्देशक योन्जन स्वयंको कथा तथा पटकथा लेखन रहेको फिल्ममा निशा अधिकारी, बुद्धि तामाङ, विजय बराल, सरोज खनाल, पशुपति राई, कृष्णभक्त महर्जन, राजन खतिवडा, प्रविण खतिवडा, लुनिभा तुलाधर, रविन्द्र झा, स्मिता लामिछाने, आरके मेहता, अभयराज बरालसहित बाल कलाकारमा प्रसन राईको अभिनय छ । स्मिता लामिछाने फिल्मकी निर्मात्री समेत हुन् ।

कृष्ण भण्डारी र निर्देशक योन्जनको सम्पादन रहेको फिल्ममा आलोक शुक्लाको छायांकन, दीपक आरजेको संगीत तथा रेवन्तविक्रम थापाको द्वन्द्व निर्देशन छ । ढाका टोपी फिल्मस्, कार्यक्रम नेपाल, साइलेन्ट एक्ट र ट्राइडेन्ट कन्सेप्टको सहकार्यमा यो फिल्म तयार भएको हो ।

# 'पूर्ण बहादुरको सारङ्गी'मा भित्रिए प्रकाश




काठमाडौं/गायक प्रकाश सपूतले फिल्म अभिनयलाई निरन्तरता दिने भएका छन् । अघिल्लो वर्ष उनको डेब्यु फिल्म 'परदेशी २' रिलिज भएको थियो, जुन व्यावसायिक रुपमा सफल पनि भयो । अब उनले दोस्रो फिल्मको रुपमा 'पूर्ण बहादुरको सारङ्गी'मा काम गर्ने भएका छन् । शुक्रबार निर्माण टिमले फिल्ममा उनी कलाकारको रुपमा अनुबन्धित भएको जानकारी गराएको छ ।

सरोज पौडेलको निर्देशनमा बन्न लागेको फिल्मको केही दिनअघि मोसन पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरिएको थियो । जसमा अभिनेता विजय बरालले 'भ्वाइस ओभर' दिएका थिए । फिल्ममा उनको पनि मुख्य भूमिकामा रहने जानकारी प्राप्त छ । आगामी जेठ दोस्रो साताबाट फिल्मको छायांकन सुरु गरिँदैछ ।

सेभेन सिज इन्टरटेनमेन्टले निर्माण गर्न लागेको फिल्ममा निर्देशक पौडेल स्वयंको लेखन छ । २०८२ सालमा विश्वभर प्रदर्शनको तयारी गरिएको फिल्ममा विनोद पौडेल र प्याट्रिक सुवेदी निर्माताको रुपमा छन् । रमेश चौलागाईं र हरि श्रेष्ठ कार्यकारी निर्माता हुन् । प्रशान्त सिवाकोटीको संगीत रहने फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद छ ।

फिल्मले गहन विषयलाई उठान गर्न लागेको निर्माता पौडेलले जानकारी दिएका छन् । मोसन पोस्टरमा बाबु-छोराबीचको गन्थनमन्थन देखाइएको थियो । जहाँ बाबुले छोराका लागि देखेको सपना गीत र संवादमार्फत् व्यक्त थियो । बाबुको भूमिकामा विजय बराल देखिने जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमतीका स्वास्थ्य मन्त्रीद्वारा हेटौंडा अस्पतालको अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री रामेश्वर श्रेष्ठले हेटौंडा अस्पतालमा अनुगमन गरेका छन् । शुक्रबार मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान अर्न्तगतको हेटौंडा अस्पतालमा स्वास्थ्य मन्त्री श्रेष्ठले अनुगमन गरेका हुन् ।

अनुगमनमां मन्त्री श्रेष्ठले विरामीको स्वास्थ्य अवस्था बुझ्दै उनीहरुको स्वास्थ्यलाभको कामना गरे । अनुगमनको क्रममा मन्त्री श्रेष्ठले अस्पतालमा उपचारका लागि आएका सर्वसाधारणसँग उनीहरुले भोग्नुपरेका समस्याका बारेमा जानकारी लिए । अस्पतालमा भएका पानीको जारमा सर्वसाधरणका लागि पानी राखिदिन र शौचालयलाई अझ सरसफाई गर्नुका साथै महिलाका लागि सेनिटरी प्याड राखिदिन अस्पतालका प्रशासनलाई निर्देशन दिए ।



हेटौंडा अस्पतालमा विरामीको भीड देख्दा र जनता अफ्ट्यारोमा परेको देख्दा आफूलाई निकै नै दुःख लागेको मन्त्री श्रेष्ठले बताए । विरामीको उपचारमा ओपीडी बढाएर भएपनि उनीहरुको स्वास्थ्यका लागि खट्न र विरामीलाई चाहिने पर्याप्त औषधिको ब्यवस्था गर्न चिकित्सकलाई निर्देशन दिए । अस्पतालमा आएका सेवाग्राहीले मन्त्री श्रेष्ठसँग स्वास्थ्य बीमाको सेवा लिन, फार्मेसीमा औषधि लिन समस्या भोग्नुपरेको गुनासो गरेका थिए ।

स्वास्थ्य मन्त्री श्रेष्ठले अस्पतालका कर्मचारीलाई सेवाग्राहीको समस्या तत्काल समाधान गर्न निर्देशन दिंदै सेवाग्राहीको समस्या समाधान गर्न मन्त्रालयले अस्पताललाई आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । मन्त्री श्रेष्ठले हेटौंडा अस्पतालको स्तोरोन्नतिका लागि आवश्यक भौतिक संरचना तथा स्वास्थ्यउपकरणको अवस्थाबारे जानकारी लिंदै समस्या भए समाधान गर्न निर्देशन दिए ।

मन्त्री श्रेष्ठले अस्पतालको जनरल वार्ड, ईमरजेन्सी, सर्जीकल वार्ड, प्रसुती वार्ड, अप्रेसन थिएटर, आईसीयू, एचडीयूलगायत विभिन्न कक्षको अनुगमन गरे । हेटौंडा अस्पतालमा ईमरजेन्सी र ओपीडीमा दैनिक एकहजार भन्दा बढी सेवाग्राहीले सेवा लिने गरेका छन् । यसैबीच स्वास्थ्य मन्त्री श्रेष्ठले अस्पताललाई आवश्यक औषधि र उपकरण सक्दो उपलव्ध गराउने बताएका छन् ।

मनमोहन स्मृति विकास केन्द्र दक्षिणकाली नगरपालिका-६ फर्पिङको आयोजनामा २५ औं मनमोहन स्मृति दिवसमा मन्त्री श्रेष्ठले यस्तो बताएका हुन् । अस्पतालमा विरामी बढ्दै गएका कारण बेडको क्षमता बढाउनुका साथै डायलासिसका लागि दक्ष जनशक्ति उपलव्ध गराउन कोसिश गर्ने मन्त्री श्रेष्ठले बताए । गुंठीबाट संचालित अस्पताल र सामुदायिक अस्पताललाई ऐनमा राखिएको छ ।

# मनहरी-४ मा विद्यार्थी भर्ना घरदैलो अभियान




साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ मकवानपुरको मनहरी गाउँपालिका ४ नम्बर वडा कार्यालयले वडाको तीनवटा विद्यालयको संयुक्तरुपमा विद्यार्थी भर्ना घरदैलो अभियान संचालन गरेको छ । वडाका सबै बालबालिकालाई विद्यालयको पहुँचमा पुऱ्याउन घरदैलो गरिएको हो ।

स्थानीय पशुपतिनाथ मावि, श्रृजना प्रावि, चेपाङ प्राविको सेवाक्षेत्रमा वडा कार्यालयको संयोजनमा संयुक्त घरदैलो गरिएको हो । लोपोन्मुख तथा सीमान्तकृत वनकरिया समुदायका बालबालिकालाई विद्यालय नियमित रुपमा पठाउन आग्रह गरिएको छ । त्यस्तै चेपाङ, तामाङ, दलित समुदायका बालबालिकालाई नियमितरुपमा विद्यालय पठाउन वडा कार्यालयले आग्रह गरेको छ । घरदैलो अभियानमा तीनवटै विद्यालयका शिक्षक तथा विद्यालय ब्यवस्थापन समितिका पदाधिकारीको सहभागिता रहेको थियो ।

पशुपतिनाथ मावि ब्यवस्थापन समितिका अध्यक्ष माधब गौतमको सभाध्यक्षतामा भएको घर दैलो कार्यक्रममा वडाअध्यक्ष प्रकाश थापाले दलित समुदायका बालबालिकालाई विद्यालय गएर अध्ययन गरेको दिनमा एक केजी चामल उपहार दिने बताए ।

वर्षभरिमा जतिदिन विद्यालयमा हाजिर भएको छ त्यति केजी चामल दिइने अध्यक्ष थापाले जानकारी दिए । घरमा खानेकुराको अभावमा विद्यालय नियमित नआउने विद्यार्थीका लागि विद्यालयमा हाजिर भएको दिन एक केजीका दरले चामल दिएको अवस्थामा नियमितता हुने थापाको भनाई छ ।

कार्यक्रममा पशुपतिनाथ माविका प्रधानाध्यापक भानुभक्त आचार्यले मनहरी-४ को भौगोलिक कठिनाइ, परिबारको आर्थिक अवस्थाका कारण बालबालिका विद्यालयमा नियमित उपस्थित हुन नसकेको अवस्था रहेको बताए । श्रृजना प्राविका प्रधानाध्यापक राजेन्द्र न्यौपानेले वडा कार्यालयले सामूहिक रुपमा घरदैलो अभियान संचालन गरेकोमा खुशी ब्यक्त गर्दै वडाको शैक्षिक उन्नयनका लागि अधिकतम् समन्वय गर्न आग्रह गरे ।

मनहरीका ४ वटा विद्यालयमा सहयोग गरिरहेको गैर सरकारी संस्था हेल्पकोड नेपालका कार्यक्रम संयोजक ईन्द्रप्रसाद पाण्डेले मनहरी-४ का बिपन्न परिवारका करिब २ सय ५० जनालाई शैक्षिक सामग्री, पोशाकलगायत सहयोग उपलब्ध गराइएको जानकारी दिंदै विद्यालयको पहुँच बाहिर रहेका बालबालिकाको खोजी गरी विद्यालयमा भर्ना गराउन थप सहयोग गर्ने बताए ।

कार्यक्रममा मनहरी गाउँपालिका शिक्षाप्रमुख प्रदीप पराजुली, स्रोतशिक्षक बिदुर थापा, कार्यपालिका सदस्य मीरा खत्री, तीनवटै विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष, पूर्वअध्यक्षहरु, प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थीको सहभागिता रहेको थियो । वडा कार्यालयले आगामी दिनमा घरदैलो कार्यक्रमलाई प्रभावकारी बनाउन र अभिभावक शिक्षाका लागि कार्यबिधि बनाउने वडाअध्यक्ष थापाले बताए ।

# बागमती प्रदेशमा ४६ जना औलोका विरामी

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ बागमती प्रदेशमा ४६ जना औलो (मलेरिया) रोगीहरु रहेको तथ्यांक सार्वजनिक गरिएको छ । आर्थिक वर्ष २०७९/८० को तथ्यांकअनुसार आयातित ४५ र स्थानीय एक गरी प्रदेशमा ४६ जना औलोरोगी रहेको तथ्य सार्वजनिक गरिएको हो ।

औंलो बिरुद्धको लडाइलाई तीब्रता दिऔं, समतामूलक पहुँचको श्रृजना गरौं भन्ने मूल नाराकासाथ विश्व औलो (मलेरिया) दिवसको अवसरमा पारेर हेटौंडामा आयोजना गरिएको अन्तर क्रिया कार्यक्रममा यो तथ्यांक सार्वजनिक गरिएको हो । जनचेतना फैलाउने उद्देश्यका साथ प्रत्येक वर्ष अप्रिल २५ का दिन विश्वभर विविध कार्यक्रम गरेर यो दिवस मनाउने गरिन्छ ।

स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख कृष्णबहादुर मिजारका अनुसार आव २०७९/८० मा काठमाडौंमा १७, चितवनमा ११, ललितपुर, सिन्धुली ५-५ र दोलखामा २ जना औलोरोगी रहेका छन् । त्यस्तै प्रदेशका रामेछाप, सिन्धुपाल्चोक, भक्तपुर, धादिङ, मकवानपुर र रसुवामा एक-एक जना औलोरोगी रहेको तथ्यांक छ भने काभ्रेपलाञ्चोक र नुवाकोटमा शुन्य छ ।



बागमती प्रदेशमा आव २०७६/७७ मा २२, ७७/७८ मा ५, ७८/७९ मा ३३ जना औलो बिरामी फेला परेका थिए । सरकारले सन् २०२५ सम्म नेपाललाई औलोमुक्त बनाउने लक्ष्य लिएको छ । 'एनोफिलिज' नामक लामखुट्टेको टोकाइका कारण औलो (मलेरिया) रोग फैलिने गर्छ । औलो फैलाउने लामखुट्टे प्रायः फोहर तथा दूषित पानीमा बस्छ । विश्व स्वास्थ्य संगठनको एक तथ्यांक अनुसार औलो रोगबाट प्रत्येक वर्ष विश्वमा करिब ५० हजार मानिस प्रभावित हुने गर्छन् ।

जसमध्ये करिब २७ प्रतिशतको मृत्यु औलोकै कारण हुनेगर्छ । औलोरोगका कारण मृत्यु हुनेमा पाँच वर्षमुनिका बालबालिका धेरै छन् । नेपालमा पनि औलोरोगका कारण गतवर्ष ५४१ जना प्रभावित बनेका थिए । विशेषगरी, खुला बोर्डरका कारण झण्डै ४५ प्रतिशतको हाराहारीमा भारतबाट भित्रिने यो रोग संक्रमित लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने गर्छ ।

यो रोग संक्रमित पोथी एनोफिलिज नामक लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने गर्छ । यो रोगको जोखिममा सामान्यतया गर्भवती महिला तथा पाँचवर्ष मुनीका बालबालिका रहने गरेका छन् । संसारमा पाइने औलोको परजीविमध्ये दुई परजीवि प्लाज्मोडियम फाल्सिफेरम तथा प्लाज्मोडियम भाइभेक्स जातको परजीविमात्र नेपालमा पाइन्छ । यसमध्ये प्लाज्मोडियम फाल्सिफेरम गराउने औलोरोग बढी कडा तथा खतरनाक हुन्छ । यो रोगको नेपाल सरकारबाट निशुल्क उपचार हुने गरेको छ ।

# थाहानगरबाट बसाईसरी जाने ३ गुणा बढी

साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ मकवानपुरको थाहा नगरपालिकाबाट बसाइसरी जाने नागरिकको तथ्यांक चुनौतीपूर्ण देखिएको छ । पर्यटकीय नगरीको रुपमा रहेको थाहा नगरपालिकामा जनता टिकाउनै मुस्किल भएको पछिल्लो तथ्यांकले देखाएको छ ।

थाहा नगरपालिका एमआइएस सेवा ईकाईको तथ्यांक अनुसार विगत ४ वर्षमा बसाइसरी आउनेको तुलनामा बसाइसरी जानेको तथ्यांक तीन गुणा बढी रहेको छ । एमआइएस सेवा इकाई प्रमुख रुपक कार्कीका अनुसार वि.सं. २०७७ सालदेखि २०८० सालसम्म पालिकामा जम्मा ९० परिवारका २ सय ९२ जना बसाइसरी आएका छन् । सोही अवधीमा २ सय ८८ परिवारको १ हजार ७२ सदस्य बसाइसरी अन्यत्र गएका छन् ।

सबैभन्दा बढी बसाईसरी जाने २ नम्बर वडाका नागरिक रहेका छन् । ४ वर्षमा २ नम्बर वडाका ५६ परिवारका २ सय ३५ सदस्यले गाउँ छाडेका छन् । दोस्रोमा ७ नम्बर वडाबाट ३३ परिवारका १ सय १७ जना र तेस्रोमा ५ नम्बर वडाका २७ परिवारका ८१ जना बसाइसरी वडा छोडेका छन् । सबैभन्दा कम बसाईसराई हुने वडा भने ८ नम्बर रहेको छ । ८ नम्बर वडाबाट ४ वर्षमा जम्मा ९ परिवारका ३३ जना मात्र बसाइसरी गएका छन् ।

बसाइसरी आउनेको तथ्यांक भने निकै कमजोर छ । यद्यपि बसाइसरी आउनेको रोजाइको वडा भने ६ नम्बर रहेको छ । चार वर्षमा कुल बसाइसरी आएका ९० परिवारमध्ये २१ परिवार ६ नम्बर वडामै आएका छन् । दोस्रोमा १ नम्बर वडा रहेको छ । यस वडामा १२ परिवारका ४८ जना अन्यत्रबाट बसाइसरी आएका छन् । त्यस्तै ११ परिवारका ४५ जना बसाईसरी आएको ३ नम्बर वडा तेस्रो रोजाईमा परेको छ । बसाईसरीको वार्षिक तथ्यांक हेर्ने हो भने थाहा नगरपालिकामा २०७७ सालमा ११ परिवार बसाईसरी आएका छन् । सोही वर्षमा ६४ परिवार अन्यत्र गएका छन् । तथ्यांक अनुसार २०७८ सालमा ३७ परिवार बसाईसरी आउँदा ७७ परिवार बसाइसरी गएका छन् । २०७९ सालमा २५ परिवार बसाइसरी आएका छन् भने ९३ परिवार बसाई सरी गएका छन् ।

# माओवादी कमजोर हुनै सक्दैन: लामिछाने



साझाकुरा संवाददाता

हेटौंडा, १४ वैशाख/ नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवम् हेटौंडा उपमहानगर ईन्चार्ज प्रल्हाद लामिछानेले मुलुक माओवादीको एजेन्डामा हिंडेकोले कहिल्यै माओवादी कमजोर नहुने बताएका छन् ।

शुक्रबार नेकपा माओवादी हेटौंडा उपमहानगरपालिका-१ कमिटीको नवनिर्वाचित पदाधिकारीको सपथग्रहण, प्रमाणपत्र बितरण कार्यक्रममा बोल्दै इन्चार्ज लामिछानेले माओवादी केन्द्रको नेतृत्वमा प्राप्त उपलब्धीलाई संस्थागत गर्नु अहिलेको आवश्यकता भएको बताए । नेकपा माओवादी केन्द्र हेटौंडा उपमहानगर अध्यक्ष तीर्थबहादुर थापामगरको आतिथ्यतामा भएको कार्यक्रममा नवनिर्वाचित कमिटीका पदाधिकारीलाई सपथग्रहण सहित प्रमाणपत्र वितरण गरिएको थियो ।

नवनिर्वाचित वडाकमिटी अध्यक्ष रेवती दाहालको अध्यक्षतामा भएको कार्यक्रममा वडा कमिटीको संगठानात्मक कार्ययोजना समेत तयार गरिएको थियो । बैशाख ५ गते भएको वडा सम्मेलनले दाहालको अध्यक्षतामा २१ सदस्यीय वडा कमिटी गठन गरेको थियो ।

कमिटीको उपाध्यक्षमा ऐक्काबहादुर थिङ, सचिवमा गजेन्द्रनारायण यादव, सहसचिवमा रेजिना सिकारी सुनुवार र कोषाध्यक्षमा मनिषा लामा चयन भएका थिए । त्यस्तै सदस्यमा धर्म राजथला, सरोज पौडेल, उमेश लामा, नवराज तिमिल्सिना, लक्ष्मी सापकोटा लगायत चयन भएका थिए ।

## गर्मीयाममा लाग्न सक्ने रोगबाट छुटकारा पाउनः

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको, बासी, जथाभावी राखिएका खानेकुरा नखाऔं,
- खुलास्थानमा राखिएका चटपटे, पानीपुरी, मःम, चाउमिनजस्ता खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर,आँगन वा बसोबास गर्ने आसपासको क्षेत्रमा पानी जम्ने, खाल्डाखुल्डी, फोहोरको थुप्रो, कुहिएका बस्तुहरु भएमा हटाई सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौंडामै उत्पादित

## सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरूः

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

## सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रणः सफल छापाखाना